आज मिति २०७९ साल चैत्र ३ गते शुक्रवारका दिन दिउसो २.०० बजे यस मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको आठौ बैठक बस्यो ।

उपस्थिति

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री विजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदास प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | अनुपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | सरोज परियार | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | उजला थापा श्रेष्ठ | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | शर्मिला विश्वकर्मा | अनुपस्थित |
| १५ | कार्यपालिका सदस्य | तुईल माया चक्रधर | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | सिता विश्वकर्मा | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | सरस्वती खड्का | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | बालकृष्ण परियार | उपस्थित |
| २० | सदस्य-सचिव | श्री विजयराज सुवेदी | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थित |
| ३ | शा.वि.अ. | श्री तुल्सी भक्त तको | उपस्थित |
| ४ | स्ट्रक्चरल इन्जिनियर | श्री सन्तोष कुमार अधिकारी | उपस्थित |
| ५ | अधिकृत छैठौं | श्री कृष्ण सुन्दर थापा मगर | उपस्थित |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं १.

यस नगरपालिकाको स्थापना दिवश २०७९/१२/१४ गते मनाउने सम्बन्धमा छलफल हुदा सोको तयारीका लागि देहाय बमोजिमको तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

सयोजकः श्री कृष्ण हरि आचार्य वडा अध्यक्ष वडा न ३
सदस्य : श्री सानुकाजी राजवाहक वडा अध्यक्ष वडा न ९
सदस्य : श्री सुरेन्द्र था श्रेष्ठ वडा सदस्य वडा न ८
सदस्य : श्री उज्जला थापा श्रेष्ठ वडा सदस्य वडा न ८
सदस्य- सचिव : तुल्सी भक्त श्रेष्ठ सामुदायिक विकाश अधिकृत ,म.थि.न.पा

निर्णय नं २.

मुलुकको विध्यमान अवस्थालाई ध्यानमा राखी नेपाल सरकार अनुरोधमा यस नगरपालिकाको चालु आ.व को २० प्रतिशत खर्च कटौती गर्ने निर्णय गरियो ।

निर्णय नं ३.

यस नगरपालिकाको स्थापना दिवशको अवसर बाट मध्यपुर सरसफाई अभियान शुभारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं ४.

मा.पो.का भ.पु.जीमा दर्ता कायम भएको शुर्यमाया श्रेष्ठको नाममा रहेको साविक यस नगरपालिका वडा न १४ हाल वडा न ४ सिट न १०२-११९०-२३ बालकुमारी स्थित कि.न. १२६ क्षेत्रफल १९.८० वर्ग मिटर जग्गा रहेकोमा पूर्व र पश्चिम १७ फिट लम्बाई चौडाई ७ फिट १० इन्ची गरि जम्मा १३३.११ वर्ग फिट (१२.३७ वर्ग मिटर) जग्गा सम्वन्धित जग्गा धनीकै नाममा कायम रहने गरी बाकी सम्पुर्ण जग्गा बाटो प्रयोजनका लागि छुटुटाई सो बापत क्षर्तिपुर्ति बापत रू .६,३०,०००/ (अक्षेरेपी छ लाख तिस हजार) मात्र दिने निर्णय गरियो ।

निर्णय नं ५.

यस नगरपालिका वडा नं. ४ बिष्णु कुण्डोल स्थित मिति २०७४ फागुण देखि संचालनमा रहेको रिकिशी कम्पोष्ट प्रा.लि ले नगर भरिका फोहोर संकलन गर्ने कार्य गरि आरम्भ गरेकोमा विगत केही बर्ष देखि वडा नं.४ को पनि आंशिक रुपमा संकलन गर्ने गरेको , हाल न.पाको सो क्षेत्रमा सिद्धिकाली विष्णुवीर दुनेगःसंरक्षण सम्वन्धी डि.पि.आर.तयारी अन्तिम चरणमा रहेको अवस्थामा सो कम्पनीलाई वैकल्पिक व्यबस्था सम्बन्धमा सहकार्य गरी अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ६.

नगरपालिकाबाट प्रस्ताबित जग्गा बिकाश आयोजनाको प्रराम्भिक सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं ७.

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजना ( SSSPCR ) अन्तर्गत यस नगरपालिकामा कार्यरत एम.आई.एस अपरेटर श्री सन्दिप प्रजापति, श्री प्रेम कृष्ण कर्मी र फिल्ड सहायक सुनिता बाडेलाई मिति २०७६।०९।११ गते सेवा करारमा नियुक्ति गरी कार्यसम्पादन आएको छ । सो सम्बन्धमा द्वय एम.आई.एस अपरेटर र फिल्ड सहायकलाई आगमी दिनहरुमा कार्य निरन्तरता गर्न मिति २०७९।०४।१६ गतेको निर्णयानुसार चालु आ.व. २०७९।०८० सम्म म्याद थप भईसकेको हुँदा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट निजहरुलाई ६ महिनाको अवधी सम्मका लागि मात्र पारिश्रमिक उपलब्ध हुने गरी वजेट प्राप्त हुन आएको बाकी नपुग पारिश्रमिक यस न.पाबाट चा.लु आ.बमा करार सेवामा विनियोजित वजेट बाट खर्च व्यहोर्ने गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ८.

यस नगरपालिका वडा नं ३ निवासीहरु अजय मिश्र र भगत खत्रीले २०६४ साल देखि साईकलको माध्यमबाट विश्वका विभिन्न मुलुकहरुको यात्रा गरि अन्तराष्ट्रिय क्षेत्रमा नेपालको पैचानलाई उच्च राख्न महत्वपुर्ण भुमिका निर्बाह गर्नु भएकाले निज विश्व साईकल यात्रीहरुलाई चा.लु आ.बमा अन्य कार्यक्रममा विनियोजित वजेट बाट रु. १,००,०००/ (अक्षेरपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं . ९

यस नगरपालिका वडा नं ८ स्थित निल बाराही गण नाचको सदस्य मध्ये एक सदस्य निलबराही ( सुन कुमार खपे ) को आर्थिक अवस्था कमजोर भएको सम्वन्धित वडाको सिफारिस साथ निबेदन प्राप्त भएकोले निजको घर मर्मतका लागि रु. १,५०,०००/ (अक्षेरपी एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं . १०

यस न.पा वडा नं ६ स्थित स्वास्थ्य चौकीको लागि १(एक) वटा WHO मान्यता प्राप्त ७०/८० लिटर क्षमताको रेफ्रिजेटर ( फ्रिज) खरिदका लागि चालु तर्फ बजेट शिर्षक नं ) ८०३३३४०३२०६) सि.नं ६ मा विनियोजित बजेट ९,००,०००/ ( नौ लाख मात्र) बाट रु. ४,००,०००/ ( चार लाख मात्र) पुजिगत खर्चमा रकमान्तर गरि विधि र प्रक्रिया पुरा गरि खरिद प्रक्रिया अगाडी नगरपालिका प्रशासन लाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं . ११

यस नगरपालिकाबाट मिति : २०७९माघ २२ देखि २४ सम्म आयोजना गरेको प्रथम नगर स्तरीय रास्ट्रपति रनिङ सिल्डको लागि चालु आ.ब.मा ५,००,०००/ ( पाच लाख मात्र) विनियोजन भएको तर सो का लागि १३,३७,६९३/ ( तेह्र लाख सैंतिस हजार छ सय तिरान्बे मात्र) खर्च भएको देखिएकोले बाकी नपुग रु. ८३७६९३/( आठ लाख

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सैतिस हजार छ सय तिरान्बे मात्र चा.लु आ.बमा अन्य कार्यक्रममा विनियोजित वजेट शिर्षक बाट खर्च व्यहोर्ने गरि उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं . १२

यस नगरपालिका र शिखर हिमालय शिखर हिमालयन सेक्युरिटी सर्भिस प्रा.लि बिच २०७४ श्रावण देखी २०७५ असार मसान्त सम्म मासिक रु. ६०,०००। ( साठी हजार मात्र) दिने गरी यस कार्यालयको सुरक्षको लागि सम्झौता भई सो प्रा.लिको २०७४ साल श्रावण , भाद्र , असोज र दशैं खर्च भूक्तानी भएको र २०७४ कार्तिक देखी २०७५ असार मसान्त सम्मको भुक्तानी बाकी भएकोले बाकी भुक्तानी चा.लु आ.बमा अन्य कार्यक्रममा विनियोजित वजेट शिर्षकबाट खर्च व्यहोर्ने गरी उपलव्ध गराउने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner